आज मिति २०८२ साल साउन २२ गते रेसुङ्गा नगरपालिकाका नगर प्रमुख श्री खिलध्वज पन्थीको अध्यक्षतामा बसेको गत आ.व.२०८१/०८२ मा नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालित योजना कार्यक्रम तथा सेवा प्रवाह सम्वन्धी वार्षिक समीक्षा बैठकको उपस्थिति ।

उपस्थिति

| क.सं. | पद | नाम थर | वडा | सही |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री खिलध्वज पन्थी | | [signature] |
| २ | उप प्रमुख | श्री अमृतादेवी कुवर | २ | [signature] |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री बाबुराम पल्ली | | [signature] |
| ४ | वडाध्यक्ष | श्री रामप्रसाद पन्थी | १ | [signature] |
| ५ | वडाध्यक्ष | श्री हिराबहादुर थापा | २ | [signature] |
| ६ | वडाध्यक्ष | श्री बाबुराम खत्री | ३ | [signature] |
| ७ | वडाध्यक्ष | श्री लिलाधर आचार्य | ४ | |
| ८ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद खनाल | ५ | [signature] |
| ९ | वडाध्यक्ष | श्री गुनबहादुर गुरुङ्ग | ६ | [signature] |
| १० | वडाध्यक्ष | श्री रामप्रसाद पन्थी | ७ | [signature] |
| ११ | वडाध्यक्ष | श्री निरन्जन काउछा | ८ | [signature] |
| १२ | वडाध्यक्ष | श्री कृष्णप्रसाद पाण्डे | ९ | [signature] |
| १३ | वडाध्यक्ष | श्री रामबहादुर बस्नेत | १० | [signature] |
| १४ | वडाध्यक्ष | श्री खुमबहादुर राना | ११ | |
| १५ | वडाध्यक्ष | श्री चेहरसिंह टण्डन क्षेत्री | १२ | [signature] |
| १६ | वडाध्यक्ष | श्री हुमबहादुर बस्नेत | १३ | [signature] |
| १७ | वडाध्यक्ष | श्री धनबहादुर पुन | १४ | [signature] |
| १८ | का.पा.सदस्य | श्री शोभा नेपाली | १ | [signature] |
| १९ | का.पा.सदस्य | श्री सीता विश्वकर्मा | २ | [signature] |
| २० | का.पा.सदस्य | श्री मनिषा खत्री के.सी. | ३ | [signature] |
| २१ | का.पा.सदस्य | श्री सावित्रा श्रेष्ठ थापा | ४ | [signature] |
| २२ | का.पा.सदस्य | श्री पुष्पा पन्थी | ७ | [signature] |
| २३ | का.पा.सदस्य | श्री यमबहादुर विश्वकर्मा | ८ | [signature] |

CS CamScanner

| क.सं. | पद | नाम थर | वडा/शाखा | सही |
|---|---|---|---|---|
| २४ | का.पा.सदस्य | श्री बालकृष्ण बराल | ९ | |
| २५ | का.पा.सदस्य | श्री कमला धुरेल | १३ | कमला |
| २६ | शाखा अधिकृत | श्री पिताम्वर पन्थी | शिक्षा शाखा | |
| २७ | अधिकृत सातौं | श्री विनोद मरासिनी | योजना शाखा | |
| २८ | इन्जिनियर | श्री कृष्ण कोइराला | प्राविधिक शा. | |
| २९ | अधिकृत सातौं | श्री मञ्जु घ.म. | स्वास्थ्य शा. | |
| ३० | लेखा अधिकृत | श्री विन्दु पन्थी | लेखा शाखा | |
| ३१ | सू.प्र.अधिकृत | श्री सुरेश खनाल | सू.प्र.शाखा | |
| ३२ | स.म.वि.अधिकृत | श्री कल्पना पाण्डे | महिला बा.शा. | |
| ३३ | अधिकृत छैठौं | श्री सिर्जना मरासिनी | कृषि शाखा | |
| ३४ | रोजगार संयोजक | श्री मिना श्रीपाली | रोजगार शा. | |
| ३५ | जि.का.संयोजक | श्री तिलक खनाल | सामी | |
| ३६ | पशु स्वास्थ्य प्राविधिक | श्री हिक्मतसिंह महरा | पशु सेवा शा. | |
| ३७ | एम.आइ.एस.अपरेटर | श्री सुशिला नेपाली | पञ्जीकरण शा. | |
| ३८ | सहायक शिक्षा अधिकृत | श्री कमला घिमिरे | शिक्षा शाखा | |
| ३९ | मनोसामाजिक | मिना खत्री कुँवर | | |
| ४० | उद्यम विकास सहजकर्ता | सीता कुँवर | मेड्पा | |
| ४१ | स्वास्थ्य शाखा | जमुना बलोत | | |
| ४२ | ना.प.से.प्रा. | सरोज मण्डल | पशु सेवा शाखा | |
| ४३ | अमिन | राम प्रसाद पन्थी | नापी/भूमि शाखा | |
| ४४ | ना.प.से.प्रा | सरोज ढकाल | पशु सेवा शाखा | |
| ४५ | जिन्सी शाखा | राजेन्द्र ज्ञवाली | जिन्सी शाखा | |
| ४६ | सचिवालय | कृष्ण प्र. पाण्डे | | |
| ४७ | प्राविधिक | भोला प्रसाद खनाल | [illegible] | |
| ४८ | प्रा.स | कुसुम भण्डारी | कृषि विकास शाखा | |
| ४९ | सब-ई | सुशीला गिरी | प्राविधिक शाखा | |
| ५० | अ.स.ई. | श्री विज्ञान पाण्डे | प्राविधिक शाखा | |

| क.सं. | पद | नाम थर | वडा/शाखा | सही |
| --- | --- | --- | --- | --- |
| ५१ | अध्यक्ष | अनिल खत्री | पत्रकार महासंघ, गुल्मी | [illegible] |
| ५२ | निवर्तमान अध्यक्ष | टोपलाल अर्याल | " | [illegible] |
| ५३ | पूर्व अध्यक्ष | जनार्दन घिमिरे | " | [illegible] |
| ५४ | पत्रकार | तिलोचन पाण्डे | " | [illegible] |
| ५५ | " | रमेश विश्वकर्मा | " | [illegible] |
| ५६ | विद्युत सहायक | विक्रम कुँवर | विद्युत शा. | [illegible] |
| ५७ | सव. इ. | रमेश कुँवर | प्राविधिक शाखा | [illegible] |
| ५८ | क. अ. | महेश पन्थी | सचिवालय | [illegible] |
| ५९ | | | | |
| ६० | | | | |
| ६१ | | | | |
| ६२ | | | | |
| ६३ | | | | |
| ६४ | | | | |
| ६५ | | | | |
| ६६ | | | | |
| ६७ | | | | |
| ६८ | | | | |
| ६९ | | | | |
| ७० | | | | |
| ७१ | | | | |
| ७२ | | | | |
| ७३ | | | | |
| ७४ | | | | |
| ७५ | | | | |
| ७६ | | | | |


CamScanner

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपलिकाको परिचय

[illegible]

रेसुङ्गा नगरपालिका




## रेसुङ्गा नगरपालिका, गुल्मी

### रेसुङ्गा नगरपालिकाको भौगोलिक अवस्था र क्षेत्रफल

- अक्षांश :- २७° ५९' देखि २८° ७' सम्म उत्तरी अक्षांश
- देशान्तर :- ८३° १२' देखि ८३° १९' सम्म पूर्वी देशान्तर
- क्षेत्रफल :- ८२.७४ वर्ग कि. मि.
- वडा संख्या :- १४
- सिमाना :- पूर्व :- गुल्मीदरवार गाउँपालिका, पश्चिम :- अर्घाखाँची जिल्ला उत्तर :- इश्मा गाउँपालिका र मुसिकोट नगरपालिका, दक्षिण :- अर्घाखाँची जिल्ला


## रेसुङ्गा नगरपालिका, गुल्मी

### २०७८ को जनगणना अनुसार जनसंख्या

| | | |
|---|---|---|
| जम्मा जनसंख्या | : | ३१५५१ |
| महिला | : | १७००१ |
| पुरुष | : | १४५५० |
| घरधुरी | : | ९०१५ |


## रेसुङ्गा नगरपालिका, गुल्मी

### वडागत जनसंख्या विवरण




## रेसुङ्गा नगरपालिका, गुल्मी


### रेसुङ्गा नगरपालिकाको कुल जनसंख्या




| महिला | पुरुष | जम्मा |
|---|---|---|
| १७००१ | १४५५० | ३१५५१ |


## रेसुङ्गा नगरपालिका, गुल्मी

### वडागत घरधुरी संख्या



## रेसुङ्गा नगरपालिका, गुल्मी

### वडागत क्षेत्रफल (वर्ग कि.मी.मा)



| नगरपालिकाको कुल क्षेत्रफल | ८२.० वर्ग कि.मी. |
|---|---|


## रेसुङ्गा नगरपालिका, गुल्मी


### नगरपालिकाको शैक्षिक अवस्था


| विद्यालयहरु | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| आधारभुत तह | २२ | ३ | २५ |
| माध्यमिक तह | १२ | ७ | १९ |
| प्राविधिक विद्यालय | २ | ० | २ |
| क्याम्पस | १ | | १ |
| वालविकास केन्द्र | ४२ | | ४२ |
| वालविकास केन्द्र (नगर) | ३ | | ३ |


## रेसुङ्गा नगरपालिका, गुल्मी


### नगरपालिकाको स्वास्थ्य संस्थाको अवस्था












| बजेटको प्रकार | विनियोजित बजेट रु. हजारमा | खर्च रु. हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु बजेट | ४८९४९७ | ४३१०८५ | ९१.४२ |
| पूँजिगत बजेट | १५७१०४ | १५३०९८ | ८७.४३ |
| जम्मा | ६४६६०१ | ५८४१८३ | ९०.३४ |

17




## रेसुङ्गा नगरपालिका, गुल्मी

सामाजिक विकास तर्फको क्षेत्रगत बजेट र खर्च




## रेसुङ्गा नगरपालिका, गुल्मी

पूर्वाधार विकास तर्फको क्षेत्रगत बजेट र खर्च




## रेसुङ्गा नगरपालिका, गुल्मी

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको बजेट र खर्च



## रेसुङ्गा नगरपालिका, गुल्मी

कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फको बजेट तथा खर्च



## रेसुङ्गा नगरपालिका, गुल्मी

### आ.व.०८१/८२ भौतिक प्रगति

रु. ००० मा

| सि.नं. | मुख्य गतिविधि | भौतिक प्रगति | | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | इकाई | लक्ष्य | प्रगति | खर्च रकम | |
| १ | यातयात पूर्वाधार | वटा | १०० | ९७ | ५७७११३.८३ | ९७ |
| २ | खानेपानी तथा सरसफाई | वटा | १० | १० | ३५८०.७२ | १०० |
| ३ | जलस्रोत तथा सिंचाई | वटा | १० | १० | १३२०.२ | १०० |
| ४ | ढल व्यवस्थापन | वटा | २ | २ | १९४.३२ | १०० |
| ५ | उर्जा | वटा | १६ | १६ | १७३५.०५ | १०० |
| ६ | विधुतिकरण | वटा | ४ | ४ | ३०४.५ | १०० |
| ७ | मानव संशाधन | वटा | १ | १ | ५०४.२४ | १०० |
| ८ | भवन आवास तथा सहरी विकास | वटा | ७९ | ७८ | १३२०.२ | ९८.७३ |

## रेसुङ्गा नगरपालिका, गुल्मी

### आ.व.०८१/८२ भौतिक प्रगति

रु. ००० मा

| सि.नं. | मुख्य गतिविधि | भौतिक प्रगति | | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | इकाई | लक्ष्य | प्रगति | खर्च रकम | |
| ९ | पुर्वाधार विकास अन्य | वटा | २१ | २१ | ५४७६.७४ | १०० |
| १० | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण | वटा | ३४ | ३४ | ३७३५.८८ | १०० |
| ११ | स्वास्थ्य | वटा | २२ | २१ | ५३९९.८५ | ९५.४५ |
| १२ | भाषा तथा संस्कृति | वटा | १० | १० | ४८५.७४ | १०० |
| १३ | शिक्षा | वटा | ३५ | ३५ | २३१४४.९ | १०० |
| १४ | सम्पदा पूर्वाधार | वटा | ७ | ७ | २१००.६८ | १०० |

## रेसुङ्गा नगरपालिका, गुल्मी

### आ.व ०८१/८२ भौतिक प्रगति

रु ००० मा

| सि.न | मुख्य गतिविधि | भौतिक प्रगति | | | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | इकाई | लक्ष्य | प्रगति | | |
| १५ | युवा तथा खेलकुद | वटा | १९ | १९ | ३३४२.९१ | १०० |
| १६ | सामाजिक विकास अन्य | वटा | ९ | ९ | २४४३.०६ | १०० |
| १७ | कृषि | वटा | १४ | १४ | १७०७.०४ | ९५.४५ |
| १८ | पशुपन्छी विकास | वटा | २ | २ | ६९५.८२ | १०० |
| १९ | पर्यटन | वटा | ९ | ८ | २७३१.५ | ८८.८८ |
| २० | वितिय तथा सहकारी | वटा | २४ | २३ | २१०१.८९ | ९५.८३ |



## रेसुङ्गा नगरपालिका, गुल्मी

### आ.व ०८१/८२ भौतिक प्रगति

रु ००० मा


| सि.न | मुख्य गतिविधि | भौतिक प्रगति | | | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | इकाई | लक्ष्य | प्रगति | | |
| २१ | फोहोर व्यवस्थापन | वटा | ४ | ४ | २०६७.६५ | १०० |
| २२ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी अन्य | वटा | ८ | ८ | १६९५.७८ | १०० |
| २३ | वातावरण तथा जलवायु | वटा | २ | २ | २०४८.२३ | १०० |
| २४ | वन | वटा | ४ | ४ | ९२६.०७ | १०० |
| २५ | विपद व्यवस्थापन | वटा | १८ | १५ | २२५०.६८ | ८३.३३ |
| २६ | सूचना प्रविधि | वटा | ५ | ५ | ६६०.६२ | १०० |



## रेसुङ्गा नगरपालिका, गुल्मी

### आन्तरिक आयको अवस्था

रु ००० मा







## रेसुङ्गा नगरपालिका, गुल्मी

### आन्तरिक आयको अवस्था

रु ००० मा






## रेसुङ्गा नगरपालिका, गुल्मी

### बेरुजुको अवस्था

रु. ००० मा

| विवरण | आ.व. ०७९/८० सम्मको बाँकी बेरुजु | आ.व ०७९/८०को फछ्र्यौट | आ.व ०८०/८१ सम्मको जम्मा बेरुजु | आ.व ०८०/८१ को बेरुजु | हालसम्मको बाँकी बेरुजु |
|---|---|---|---|---|---|
| असुल उपर गर्ने | ६२०३.५९ | २०२४.८३ | ४१७८.७६ | ६४६.४९ | ४८२५.२५ |
| नियमित गर्ने | ६१२८५.८२ | ३०८४१.२५ | ३०४४४.५७ | १३७४७.५७ | ४४१९२.१४ |
| प्रमाण कागजात पेश नभएको | २२२४७.५९ | ९८९६.९३ | १२३५०.६६ | १२३५२.३४ | २४७०३ |
| पेश्की बाँकी | ६८१० | ० | ६८१० | ७० | ६८८० |
| जम्मा | ९६५४७ | ४२७६३.०१ | ५३७८३.९९ | २६८१६.४ | ८०६००.३९ |



## रेसुङ्गा नगरपालिका, गुल्मी

### सामाजिक सुरक्षा कार्यक्रम

रु ००० मा

| विवरण | कुल संख्या | | | प्रगति | |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | वितरण भएको रकम रु | भत्ता बुझ्नेको संख्या |
| ➢ जेष्ठ नागरिक (अन्य) | ११७५ | ८५६ | २०३१ | ९४८९०.२१ | २०३१ |
| ➢ जेष्ठ नागरिक दलित | १४४ | १५४ | २९८ | ९२७५.४२ | २९८ |
| ➢ जेष्ठ एकल महिला | २५३ | | २५३ | ८७७५.७७ | २५३ |
| ➢ एकल महिला विधुवा | ५९४ | | ५९४ | १८४३१.१४ | ५९४ |
| ➢ दलित बालबालिका | १८९ | २१९ | ४०९ | २४८१.५८ | ४०९ |
| ➢ पुर्ण अपाङ्ग | २७ | ५९ | ८५ | ३९२२.१७ | ८५ |
| ➢ आंशिक अपाङ्ग | ११९ | ५३ | १७२ | ४२४५.४३ | १७२ |
| कुल जम्मा | २३५५ | १२२९ | ३५८५ | १३३८५४.११ | ३५८५ |

## रेसुङ्गा नगरपालिका, गुल्मी

### व्यक्तिगत घटना दर्ताको अवस्था

| वडा नं | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाइँ सरी आएको | | बसाइँ सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | |
| १ | १२ | ५ | १७ | ३ | २ | ५ | ३ | १७ | ९ | २५ | ४ | ९ | ५४ |
| २ | १२ | ९ | २१ | २ | १ | ३ | ३ | १८ | ७ | २७ | ८ | ३० | ६० |
| ३ | १८ | २८ | ४६ | ५ | ४ | ९ | ५ | २३ | | | २ | ६ | ९४ |
| ४ | ३६ | २५ | ६१ | ११ | ११ | २२ | १ | ३३ | | | १० | ३८ | १२७ |
| ५ | २० | १३ | ३३ | ७ | ६ | १३ | | २२ | १ | १ | ४ | १२ | ७३ |
| ६ | १९ | २५ | ४४ | ९ | ४ | १३ | ३ | २३ | | | २ | ५ | ८५ |
| ७ | २० | २३ | ४३ | १० | ४ | १४ | २ | १६ | ४ | १३ | ७ | २७ | ८६ |
| ८ | १४ | १७ | ३१ | ५ | २ | ६ | ३ | १५ | ११ | ३७ | ९ | २२ | ७५ |

31


## रेसुङ्गा नगरपालिका, गुल्मी

### व्यक्तिगत घटना दर्ताको अवस्था

| वडा नं | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाइँ सरी आएको | | बसाइँ सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | दर्ता संख्या | सदस्य संख्या | दर्ता संख्या | सदस्य संख्या | |
| ९ | १९ | १२ | ३१ | ७ | ६ | १३ | | १९ | १० | ३९ | २ | ३ | ७४ |
| १० | ४४ | ३९ | ८३ | १९ | २६ | ४५ | ४ | ३६ | ३ | ११ | १३ | ४२ | १८४ |
| ११ | २७ | ३१ | ५८ | १० | ८ | १८ | ३ | २७ | ३ | ८ | ३ | १४ | ११२ |
| १२ | २५ | २४ | ४९ | १३ | ६ | १९ | २ | २१ | १ | ३ | ४ | १३ | ९६ |
| १३ | १० | १४ | २४ | ४ | ३ | ७ | १ | १४ | १ | २ | २ | ६ | ४९ |
| १४ | ३७ | २९ | ६६ | १६ | १७ | ३३ | ९ | ४५ | | | १२ | ४३ | १६५ |
| जम्मा | ३२३ | २९८ | ६२१ | १२० | १०० | २२० | ३९ | ३२९ | ५० | १६६ | ८२ | २७१ | १३४१ |


32

## रेसुङ्गा नगरपालिका, गुल्मी




33

## रेसुङ्गा नगरपालिका, गुल्मी




34

## रेसुङ्गा नगरपालिका, गुल्मी

### घ वर्ग इजाजत पत्र

| सि.नं. | विवरण | संख्या (वटा) |
|---|---|---|
| १ | नयाँ दर्ता | १२ |
| २ | ठाउँसारी | ४ |
| ३ | नामसारी | १ |
| ४ | नविकरण | ५४ |

### सहकारी

| सि.नं. | विवरण | संख्या (वटा) |
|---|---|---|
| १ | नयाँ दर्ता | ० |
| २ | विनियम संशोधन | ० |

35

## रेसुङ्गा नगरपालिका, गुल्मी

### कार्यपालिका तथा विभिन्न समितिको बैठक संख्या

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | नगर कार्यपालिका | १९ |
| २ | विधायन समिति | ५ |
| ३ | पूर्वाधार विकास समिति | १ |
| ४ | सुशासन समिति | १ |
| ५ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | १ |
| ६ | आर्थिक विकास समिति | ७ |
| ७ | नीति, बजेट तथा कार्यक्रम तर्जुमा समिति | १ |
| ८ | सामाजिक विकास समिति | ६ |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन समिति | २ |
| १० | लेखा समिति | १ |
| ११ | न्यायिक समिति | ५ |

36

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**आर्थिक विकास तर्फ :**

- दलित वर्ग उद्यमशीलता कार्यक्रम अन्तर्गत नगरपालिकाका ३० जना दलित समुदायका व्यक्तिहरुलाई ३ महिने आधारभूत कम्प्युटर तालिम प्रदान गरिएको छ । फलस्वरुप रोजगारीमा जोडिन र आधुनिक प्रविधिको प्रयोगमार्फत समतामूलक समाज निर्माणमा सघाउ पुर्याउने विश्वास लिइएको छ।
- लघु उद्यम विकास कार्यक्रमतर्फ विभिन्न भाडगाँउ र समिचौरमा गरी विभिन्न विद्यामा ३४ जना नयाँ उद्यमी सिर्जना भएका छन् भने पुराना १५ जना उद्यमीलाई थप स्तरोन्नती तालिम प्रदान गरिएको छ। यस कार्यक्रमले लघु उद्यमी व्यवसायी सिर्जना गरी व्यावसायिक सीप र प्रविधि हस्तान्तरणद्वारा गरिबी निवारणमा टेवा पुग्ने विश्वास गरिएको छ।
- महिला उद्यमशीलता सशक्तिकरण कार्यक्रम अन्तर्गत रेसुङ्गा नगरपालिका वडा नं. १० का ४२ जना महिलाहरुलाई **बेमौसमी तरकारी तथा व्यावसायिक पशुपालन सम्बन्धी** उद्यमशीलता तालिम सचालन गरिएको छ । जसबाट व्यावसायिक कृषि तथा पशुपक्षी पालन व्यवसायमार्फत रोजगारीमा वृद्धि हुने विश्वास लिइएको छ।
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत नगरपालिकाका वडा नं. ३, ६ र १३ का २५ जना महिलाहरुलाई व्यावसायिक कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रम सञ्चालन भइरहेको सन्दर्भमा यस कार्यक्रमले आत्मनिर्भर उत्पादन प्रणाली विकास गरी आयआर्जन वृद्धिमा टेवा पुर्याउनेछ ।



## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**आर्थिक विकास तर्फ :**

- सम्पूर्ण वडाका व्यवसायिक कृषकहरुलाई **बाली संरक्षण कार्यक्रम**बाट उनीहरुको समस्या अनुरुप विभिन्न भिटामिन तथा विषादि नि:शुल्क रुपमा वितरण गरिएको छ फलस्वरुप ८० जना कृषकहरु लाभान्वित भएका छन् ।
- कृषि उत्पादन सामग्री वितरण कार्यक्रम अनुसार ५०% अनुदानमा टनेल प्लास्टिक माग भए अनुसार यस नगरपालिकाका कृषकहरुलाई २३० थान टनेल प्लास्टिक वितरण गरिएको छ । जसका कारण बेमौसमी खेति प्रवर्द्धन हुनका साथै जलवायु अनुकुलन खेति प्रणालीमा टेवा पुर्याउने विश्वास लिईएको छ।
- **व्यावसायिक किट विकास कार्यक्रम अन्तर्गत** पुराना व्यावसायिक कृषकहरुको माग अनुसार १११ गोलासहितको मौरीघार वितरण गरिएको छ । यसले बालीहरुको परागसेचन प्रणालीमा मद्दत गर्नुका साथै कृषकको आयस्तरमा वृद्धि गर्न सहयोग पुग्ने विश्वास लिईएको छ।
- **रैथाने बालि प्रवर्द्धन गर्ने हेतुले रैथाने बालि कार्यक्रम** अन्तर्गत वडा नं. ६, १० र ११ मा कोदो र पुरानो मकै उत्पादन गर्ने कार्यकम सम्पन्न गरिएको छ।
- नमूना गुरु किसान परिचालन तथा नयाँ क्षेत्रफल विस्तारबाट वडा नं. ३ मा नमूना गुरु किसान छनोट गरी १६ वटा सुन्तला बगैंचा स्थापना र ७ वटा पुराना बगैंचा सुदृढिकरण गर्ने कार्य सम्पन्न गरिएको छ ।



## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**आर्थिक विकास तर्फ :**

- आ.व. ०८१/०८२ मा नयाँ सुन्तला पकेट विकास कार्यक्रम अन्तर्गत वडा नं. ३ र ६ को १४० रोपनी जग्गामा **नयाँ सुन्तला पकेट विकास** स्थापना गरी १०० रोपनी जग्गामा २००० बिजु विरुवा र ४४ रोपनी जग्गामा ११०० कलमी बिरुवा लगाउने कार्य सचालन भइरहेको छ ।
- ५०% अनुदानमा ७ वटा मिनी टिलर र ३ वटा कम्बाइन मिल खरिद गरी वितरण गरिएको छ फलस्वरुप कृषकको लागत व्ययभार कम भई उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहयोग गर्नेछ।
- कृषि ज्ञानकेन्द्र गुल्मीको सहयोगमा रेसुङ्गा नगरपालिकामा मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत १० जना कृषक लाभान्वित भएका छन् भने रेसुङ्गा नगरपालिका वडा नं. ८ मा **बालि वस्तु विकास विशेष सघन व्यावसायिक क्षेत्र विकास कार्यक्रम अन्तर्गत** (तरकारी) बीउ वितरण गर्ने कार्य सम्पन्न गरिएको छ।
- **करार खेती कार्यक्रम** अन्तर्गत रेसुङ्गा नगरपालिका अन्तर्गत २ वटा व्यावसायिक कृषि फार्मलाई सहयोग उपलब्ध गराईएको, कृषि यान्त्रिकीकरण सहयोग कार्यक्रम अन्तर्गत ६ वटा व्यवसायिक फर्मलाई कृषि यन्त्र हस्तान्तरण गरिएको र रेसुङ्गा नगरपालिका अन्तर्गत वडा नं. ३ र ४ मा सिचाईसहित कृषि विकास कार्यक्रम सम्पन्न भएको छ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सहयोगमा रेसुङ्गा नगरपालिकामा सुन्तला जोन क्षेत्र विस्तार गर्ने कार्यक्रम अन्तर्गत रेसुङ्गा नगरपालिका वडा नं. ४ सेउघा र अर्खलेमा ४७०० नयाँ बिरुवा रोपण गर्ने कार्यको प्रकृया अगाडि बढाईएको छ।



## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**आर्थिक विकास तर्फ :**

- वडा नं. ३ को भाडगाउँमा २ वटा पकेट क्षेत्र, रेसुङ्गा नगरपालिका वडा नं. ५ भुवनपानीमा १ वटा पकेट क्षेत्र विस्तार गर्ने कार्य संचालन गरिएको छ भने रेसुङ्गा नगरपालिका वडा नं. १० मा मकै जोन र कफी सुपरजोन कार्यक्रम संचालन भएको छ ।
- आ.व. ०८१/०८२ मा वडा नं. ४, ६ र ११ मा नयाँ आलु पकेट विकास कार्यक्रम अन्तर्गत १४० रोपनी जग्गामा १० मेट्रिक टन आलुको बिउ वितरण गरी आलु पकेट विकास कार्यक्रम सञ्चालन गरिएकोमा त्यसबाट २०० मेट्रिक टन आलु उत्पादन भई कृषकको आय आर्जनमा उल्लेख्य वृद्धि भएको छ।
- रेसुङ्गा नगरपालिका सुन्तला खेतिको लागि प्रशिद्ध क्षेत्रको रुपमा चिनिन्छ।कृषि विकास शाखाको रिपोर्ट अनुसार आ.व. २०८१/०८२ मा मुख्य गरी यस नगरपालिकाको वडा नं. ३,४,५,६ र १४ बाट करिब ५ करोड बराबरको सुन्तला निर्यात भएको छ ।
- **उत्कृष्ट किसान सम्मान कार्यक्रम** अन्तर्गत सम्पूर्ण वडाका १३ जना कृषकलाई सम्मान गरिएको छ । जसबाट पेशाप्रतिको लगाव वृद्धि गर्दै कृषि कर्ममा थप उत्प्रेरणा मिल्ने विश्वास गरिएको छ।



## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**आर्थिक विकास तर्फ :**

- पशुपालन क्षेत्रमा पशुको नश्ल सुधार,उत्पादनमा वृद्धि र प्रजनन नियन्त्रण गर्ने उद्धेश्यले नगरभित्रका किसानका ७३ गाई र ३९३ भैसी गरी जम्मा ४६६ गाई भैसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइएको र कृत्रिम गर्भाधान सेवाको लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्थापन गरिएको छ।
- रेसुङ्गा नगरपालिकाभित्रका व्यावसायिक तथा अन्य कृषकलाई माग अनुसार नि:शुल्क रुपमा हिउँदे घाँसको बिउ वितरण गरिएको छ।साथै पशुजन्य बाझोपन निवारण तथा गर्भ परीक्षण (DOOR TO DOOR) कार्यक्रम संचालन गरी ५२ जना कृषकहरुको घर गोठमै सेवा पुर्याईएको छ।
- आधारभूत प्रयोगशालामार्फत पशुहरुमा देखापर्ने समस्याहरु पहिचान गरी उपचार गर्ने व्यवस्था मिलाउन आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गरिएको छ।
- भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र रेसुङ्गा नगरपालिकाको आपसी सहकार्यममा रेसुङ्गा नगरपालिकाभित्रका १०७ वटा घरपालुवा तथा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरी रेबिज रोग नियन्त्रण र कुकुरहरुको संख्या न्यूनिकरण गर्न पर्यत्न गरिएको छ।
- रेसुङ्गा नगरपालिकाका भेंडा/बाख्राहरुमा ६५४५ डोज पि पि आर खोप, गाई/भैसीहरुमा 2050 डोज खोरेत खोप र कुकुर/बिरालोमा ४५८ डोज रेबिज विरुद्धको खोप लगाउने कार्य सम्पन्न भएको छ।
- बाख्रा प्रवर्द्धन कार्यक्रम अन्तर्गत रेसुङ्गा नगरपालिका वडा नं. ८ मा २९ वटा बाख्रा खोर निर्माण गर्ने कार्य सम्पन्न भएको छ।



## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**आर्थिक विकास तर्फ :**

- रेसुङ्गा नगरपालिकाभित्र रहेका व्यावसायिक तथा अन्य पशुपालक कृषकहरुलाई नि:शुल्क औषधि वितरण गर्ने कार्य निरन्तर चलिरहेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत बेरोजगार व्यक्ति सूचिकृत गर्ने र ७७ जना सूचिकृत व्यक्तिलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सार्वजनिक कार्यमा १०० दिने रोजगार प्रदान गरिएको छ । यस कार्यक्रमबाट सडक, नाली तथा सार्वजनिक स्थलको संरचना सुधार तथा सरसफाई गर्ने कार्य भएको छ । साथै उत्कृष्ट काम गर्ने १६ जना श्रमिकलाई नगर स्थापना दिवसको अवसरमा सम्मान गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारीमा खटिएका ४० जनालाई सीपमूलक र जीवनोपयोगी ५० दिने तालिम प्रदान गरिएको छ ।यस कार्यक्रमले श्रमिक लाई स्वरोजगार र दक्ष बन्न प्रेरित गर्ने विश्वास लिईएको छ।
- श्रमको सम्मान र वैदेशिक रोजगारीका चुनौती सम्बन्धी ३०० जना विद्यार्थीहरुलाई सचेतना कार्यक्रम सम्पन्न भएको छ ।वैदेशिक रोजगारी सम्बन्धी गरिएको यस कार्यले स्वदेशमै रोजगारी गरौं र वैदेशिक रोजगारीमा जाने परे सीप सिकेर मात्र जाउँ भन्ने भावना जागृत गराएको छ।
- नगरपालिकाको सहजीकरणमा चालु आर्थिक वर्षमा ४६३ जना नागरिकको श्रम स्वीकृति गरिएको छ जसले गर्दा मन्त्रालयमा सेवा लिन जानुपर्ने समस्याको अन्त्य भई नागरिकको समय र आर्थिक बचत भएको छ।



CamScanner

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### आर्थिक विकास तर्फ :

- रेसुङ्गाको व्यापक प्रचारप्रसार गरी पर्यटनको हब बनाउनेतर्फ लागिपरेका छौं। रेसुङ्गाले पर्यो पाएसँगै देशकै प्रतिष्ठित लायन्स क्लबको क्याबिनेट बैठक, औषधि व्यवसायी संघ गुल्मीको अधिवेशन तथा गुल्मी उद्योग वाणिज्य संघको अधिवेशन रेसुङ्गामै सम्पन्न भएको छ।यस्ता खालका वृहत बैठकहरु सञ्चालनका लागि थप पूर्वाधार विकासको आवश्यकता महसुस भएकोले विभिन्न आकर्षक पर्यटन पूर्वाधार निर्माण गर्ने रु. ४ करोड ५० लाख बजेट सुनिश्चितता भई सोही अनुसार संरचनाहरु निर्माण भईरहेका छन्। साथै देशका धुपै स्थानबाट सामूहिक, संगठित तथा पारिवारिक तवरले पर्यटकहरु भित्रिएको पाइएको छ।
- रेसुङ्गा क्षेत्रको धार्मिक तथा पर्यटकीय आकर्षणमा वृद्धि,संरक्षण र प्रवर्द्धन गर्नुका साथै मौलिक पहिचान कायम राखि रास्व यज्ञशाला,सानो रेसुङ्गा क्षेत्र परिसरमा ढुङ्गा छाप्ने कार्य, महापोखरीमा घेन्जिङ्ग रुम र शौचालय र मजुरामा पर्यटन सूचना केन्द्र निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- नगरपालिकाको ऐतिहासिक,धार्मिक तथा पर्यटकीय क्षेत्र ओगिधुम भगवती मन्दिर परिसरमा ढुङ्गा छाप्ने कार्य अन्तिम चरणमा रहेको छ भने मौलिक पहिचान सहित भाडगाउँ शिवालय मन्दिर, राधाकृष्ण मन्दिर भुवनपानी निर्माण कार्य सम्पन्न भएको छ ।


रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### आर्थिक विकास तर्फ :

- रेसुङ्गाको व्यापक प्रचारप्रसार गरी पर्यटनको हब बनाउनेतर्फ लागिपरेका छौं। रेसुङ्गाले पर्यो पाएसँगै देशकै प्रतिष्ठित लायन्स क्लबको क्याबिनेट बैठक, औषधि व्यवसायी संघ गुल्मीको अधिवेशन तथा गुल्मी उद्योग वाणिज्य संघको अधिवेशन रेसुङ्गामै सम्पन्न भएको छ।यस्ता खालका वृहत बैठकहरु सञ्चालनका लागि थप पूर्वाधार विकासको आवश्यकता महसुस भएकोले विभिन्न आकर्षक पर्यटन पूर्वाधार निर्माण गर्ने रु. ४ करोड ५० लाख बजेट सुनिश्चितता भई सोही अनुसार संरचनाहरु निर्माण भईरहेका छन्। साथै देशका धुपै स्थानबाट सामूहिक, संगठित तथा पारिवारिक तवरले पर्यटकहरु भित्रिएको पाइएको छ।
- रेसुङ्गा क्षेत्रको धार्मिक तथा पर्यटकीय आकर्षणमा वृद्धि,संरक्षण र प्रवर्द्धन गर्नुका साथै मौलिक पहिचान कायम राखि रास्व यज्ञशाला,सानो रेसुङ्गा क्षेत्र परिसरमा ढुङ्गा छाप्ने कार्य, महापोखरीमा घेन्जिङ्ग रुम र शौचालय र मजुरामा पर्यटन सूचना केन्द्र निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- नगरपालिकाको ऐतिहासिक,धार्मिक तथा पर्यटकीय क्षेत्र ओगिधुम भगवती मन्दिर परिसरमा ढुङ्गा छाप्ने कार्य अन्तिम चरणमा रहेको छ भने मौलिक पहिचान सहित भाडगाउँ शिवालय मन्दिर, राधाकृष्ण मन्दिर भुवनपानी निर्माण कार्य सम्पन्न भएको छ ।


रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### आर्थिक विकास तर्फ :

- नगरपालिकाका विभिन्न स्थानहरुको पर्यटकीय स्थलहरुको प्रचारप्रसार तथा आउँ हिंड रेसुङ्गा अभियानलाई थप प्रवर्द्धन सहयोग गर्ने उद्देश्यले रेसुङ्गा नगरपालिकाको विभिन्न स्थानमा वाल पेन्टिङ गर्ने चोकचोकमा होर्डिङ बोर्ड राख्ने कार्य सम्पन्न भएको छ जसबाट यस क्षेत्रको पर्यटन तथा आर्थिक विकासको लागि थप टेवा मिल्ने विश्वास लिइएको छ ।
- रेसुङ्गा नगरपालिका गुल्मीको आयोजना तथा गुल्मी उद्योग वाणिज्य संघको समन्वय, सहजीकरण र सहकार्यमा **आउँ हिंड रेसुङ्गा अभियानको प्रवर्द्धन** र पर्यटन विकास तथा यस क्षेत्रको आर्थिक समृद्धि हासिल गर्ने हेतुले लगानीका सम्भाव्य क्षेत्र पहिचान गरी तत् तत् विधामा लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- मजुरामा जिपलाइन तथा स्काईसाइक्लिङ्ग निर्माण कार्य चलिरहेको छ र उक्त क्षेत्रको जग्गाको भोगाधिकार मन्त्रिपरिषद्को निर्णयबाट नगरपालिकालाई प्राप्त भएको छ ।
- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रमतर्फ (मेडपा)
  - (क) नयाँ लघु उद्यमी सिर्जना तर्फ (वडा नं. ३ मा)
    1. उद्यमशिलता विकास तालिम लिएको संख्या – ३४ जना
    2. सीप विकास तालिम अन्तर्गत बेतिक थुंग्री पाल्ने तालिम लिनेको संख्या – १५ जना
    3. बाख्रा पालन तालिम लिनेको संख्या – १९ जना गरि जम्मा – ३४ जना
  - (ख) स्तरोन्नती तर्फ (वडा नं. ९ मा)
    1. स्तरोन्नती डल तथा कुसन बनाउने तालिम लिनेको संख्या – ८ जना
  - (ग) उपयुक्त प्रविधि समुहमा हस्तान्तरण (वडा नं. ३ मा)
    1. पार्चे जैनाको समुहमा २० जनालाई ४ वटा उपयुक्त प्रविधि स्थापकहरु हस्तान्तरण सम्पन्न भएको छ ।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### सामाजिक विकास तर्फ

- "गुल्मी अस्पताल, मेरो अस्पताल" भन्ने नारालाई सार्थकता दिन गुल्मी अस्पतालमा मृगौला रोग पिडितहरुका लागि जिल्लामै पहिलो पटक हाम्रो पहलमा मृगौला डायलाइसिस सेवा प्रारम्भ गरिएको कुरा जगजाहेर नै छ। यो सेवाबाट हालसम्म ५२ जनाले सेवा लिइसक्नुभएको र हाल २ जना महिला र १६ जना पुरुष गरी जम्मा १८ जना बिरामीले नियमित सेवा लिईरहनु भएको छ। यो सँगै बुटवल, काठमाडौं जस्ता सहरहरुमा डायलाइसिस गराईराख्नु भएका बिरामीहरुलेसमेत घर फर्की गुल्मी अस्पतालमै सेवा लिईराख्नु भएको अवस्था छ जसका कारण जिल्ला बाहिर गई सेवालिनु पर्ने सास्तीको अन्त्य भएको छ भने बिरामीहरुको करोडौं रकम बचत भएको छ।
- हाम्रो पटक-पटकको ताकेतापछी गुल्मी अस्पतालको निर्माणाधिन भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। बाँकी काम पूरा गरी समयमै अस्पतालको स्वीकृत क्षमता अनुसार सबै प्रकारका विशेषज्ञ सेवा सञ्चालन गर्ने र ५० शैयाको क्षमतामा सञ्चालित उक्त अस्पताललाई १०० शैयाको बनाउन सम्बन्धित निकायमा पहल गरिएको छ।
- संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा गुल्मी अस्पतालमा ICU सहितको उपचार सेवा तत्काल सञ्चालन गर्ने गरी अगाडी बढीएकोछ ।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### सामाजिक विकास तर्फ

- यसैगरी विगतका वर्षहरुमा जस्तै रेसुङ्गा नगरपालिकाको सहयोगमा जिल्ला आँखा उपचार केन्द्र मार्फत मोतियाबिन्दुको निशुल्क अप्रेशन सेवा उपलब्ध गराईएको र यस आ.व. मा ५० जना आँखाका बिरामीले यो सेवाबाट लाभ प्राप्त गरेका छन्।
- गुल्मी अस्पताललाई यस नगरपालिकाबाट विशेषज्ञसहितको हाडजोर्नी उपचारका लागि प्रविधियुक्त आधुनिक मेसिन उपलब्ध गराएसँगै हाडजोर्नी उपचारमा विश्वसनियता बढ्दै गएको र यस प्रकारको सेवाबाट नागरिकहरुको ठूलो राशीमा रकम बचत हुनुको साथै बाहिरी जिल्ला धाउनुपर्ने अवस्थाको अन्त्य गर्न सफल भएका छौं। यस नगरपालिकामा प्राप्त भएको तथ्याङ्क अनुसार आ.व. ०८१/०८२ मा ६७८ जना हाडजोर्नी बिरामीको शल्यक्रिया भएको र १७,९१३ जना बिरामीले ओ.पी.डी. सेवा प्राप्त गरेको अवस्था छ भने स्थापनाकाल देखि हालसम्म १,०९३ जनाको शल्यक्रिया भएको र ३८,९१३ जनाले ओ.पी.डी. सेवा लिनुभएको छ।
- मापदण्डका सम्पूर्ण सूचकहरु पूरा गरी यस रेसुङ्गा नगरपालिकालाई पूर्ण पोषणमैत्री स्वास्थ्य संस्थायुक्त पालिका घोषणा तथा पूर्ण खोप सुनिश्चितता र दिगोपना कार्यक्रम सम्पन्न गरिएको छ र यो घोषणासँगै गर्भवती महिला तथा बालबालिकाहरु सुपोषित हुने र दिर्घकालिन स्वस्थताको निम्ति नियमित रुपमा खोप प्राप्त गर्ने बालबालिकाको अधिकार सुनिश्चित भएको छ।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### सामाजिक विकास तर्फ

- लोकतन्त्रको जगमा रहेर रेसुङ्गा नगरबासी नागरिकहरुलाई प्रत्यक्षरुपमा देखिने र भेटिने सरकारको अनुभूति दिलाउने हेतुले नगरपालिकाका विभिन्न वडाहरुमा एकीकृत घुम्ती शिविर सञ्चालन गरिएकोमा स्वास्थ्य सेवातर्फ २५८ जना, कृषि सेवातर्फ १२० जना पशु सेवातर्फ २७९ जना र जेष्ठ नागरिक सेवातर्फ २० जना गरी कूल जम्मा ६७७ जना नागरिक लाभान्वित भएका छन्।
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र संचारकर्मीहरुको मनोवल उच्च राख्नको लागि स्वास्थ्य बिमा कार्यक्रम मार्फत् ८३ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र १४ जना संचारकर्मीलाई बिमा सेवा प्रदान गरिएको छ।
- श्वासप्रश्वास सम्बन्धी समस्या भएका बिरामिहरुका लागि अक्सिजन कन्सन्ट्रेटरको व्यवस्था गरिएको र हालसम्म सोही रोगसँग सम्बन्धित १४९ जनाले घरमै नि:शुल्क अक्सिजन कन्सन्ट्रेटर सेवा प्राप्त गरिरहनु भएको छ भने उहाँहरुमध्ये ८९ जना बिरामीहरुले यो सेवाबाट निरन्तर लाभ लिईरहेका छन जसका कारण बिरामीको अस्पताल बसाई कम भएको र अक्सिजन सिलिन्डरमा लगानी गर्न नपर्ने भएबाट नागरिकको आर्थिक व्ययभार कम गरी स्थानीय सरकारको प्रत्याभूति दिलाउन सफल भएका छौं ।

Date
Page

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

#### सामाजिक विकास तर्फ

- मधुमेह तथा उच्च रक्तचापको समस्या आइसकेपछि बिरामीहरुलाई थप जटिलता नआओस र औषधिको पयोग गरी साधारण अवस्थामा जीवन जिउन सकुन भन्ने उद्देश्यका साथ नि:शुल्क औषधि वितरण कार्यक्रमबाट उच्च रक्तचापका ५८८ जना र मधुमेहका १३२ जना विरामिलाई निशुल्क रुपमा औषधी वितरण गरिएको छ ।
- १८८ जना गर्भवती महिलालाई सुत्केरी सेवा लिनको लागि एकोहोरो यातायात खर्च उपलब्ध गराईएको छ।
- घरमै स्वास्थ्य सेवा पुर्याउने नीति बमोजिम जेष्ठ नागरिक,अपाङ्ग र एकल महिला सग नगरपालिका कार्यक्रम अन्तर्गत ११३३ जनालाई घरमै गई सेवा प्रदान गरिएको छ ।
- वडा नं. ५ को अर्खले स्वास्थ्य चौकी, वडा नं. ६ को चेक्मी आधारभूत स्वास्थ्य केन्द्र र ७ को अड्विसे आधारभूत स्वास्थ्य केन्द्रको थप भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति गरी सेवा प्रवाहमा सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईएको छ।
- नेपाल हृदयरोग निवारण प्रतिष्ठान गुल्मी शाखाको आयोजना र यस रेसुङ्गा नगरपालिकाको आर्थिक सहयोगमा रेसुङ्गा नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुमा अध्ययनरत १५ वर्षमुनिका ४१८४ जना छात्र र ३५२६ जना छात्रा गरी जम्मा ७७१० जना विद्यार्थीहरुको मुटुरोग परीक्षण गरिएको छ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

#### सामाजिक विकास तर्फ

- रोटरी क्लब अफ रेसुङ्गा गुल्मीको आयोजना र यस रेसुङ्गा नगरपालिकाको आर्थिक सहयोगमा ३०० जना महिला र २३२ जना पुरुष गरी जम्मा ५३२ जना नागरिकको नि:शुल्क स्वास्थ्य परीक्षण सम्पन्न गरिएकोमा २९६ जनाले ECO सेवा, २०४ जनाले ECG र २४६ जनाले प्रयोगशाला सेवा प्राप्त गरेका छन् ।
- रेसुङ्गा नगरपालिकालाई किशोर-किशोरीमैत्री स्वास्थ्य संस्थायुक्त पालिका घोषणा कार्यक्रम सम्पन्न गरिएको छ जसबाट किशोर किशोरीहरुले नि:शुल्क स्वास्थ्य सेवा र परामर्श पाप्त गरिरहेका छन।
- रेसुङ्गा नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाबाट गर्भवती आमाहरुलाई मासिक रुपमा ग्रामिण अल्ट्रासाउण्ड सेवा दिइएको छ उक्त सेवाबाट हालसम्म १३४ जना गर्भवती आमाहरुले सेवा लिनु भएको छ । यसबाट समयमै नजिकको स्वास्थ्य संस्थाबाट गर्भावस्थाको जटिलता पता लगाई गर्भावस्थामा हुने जोखिम न्युनीकरण गर्न सहयोग पुगेको छ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

#### सामाजिक विकास तर्फ

- गुल्मी अस्पतालमा हाम्रो पहलमा विगत देखि नै हाडजोर्नी र मृगौला डायलाईसिस सेवा प्रवाह भैरहेको सन्दर्भमा थप सेवा विस्तार गर्ने उद्धेश्य अनुरुप बालरोग विशेषज्ञ सेवा र स्त्रीरोग विशेषज्ञ सेवा सञ्चालनमा आई सेवा प्रवाह भैरहेको छ । जसबाट सेवा शुरु भएको अवधिदेखि हालसम्म ६२४ जना बिरामीले बालरोग विशेषज्ञ सेवा र ६२७ जना विरामीले स्त्रीरोग विशेषज्ञ सेवा प्राप्त गरेका छन। यो सेवा उपलब्ध भएबाट जिल्लाभित्रै विरामीले सहज उपचार सेवा प्राप्त गरी र विरामीको आर्थिक रकम बचत गर्न सफल भएका छौं।
- रेसुङ्गा नगरपालिकाको स्थानीय पाठ्यक्रममा आधारित कक्षा १ देखि कक्षा ५ सम्मको पाठ्यपुस्तक आ.व. २०८२/०८३ मा छपाई गर्ने गरी पूर्णरुपमा तयार गरिएको छ भने कक्षा ६ देखि ८ सम्मको पाण्डुलिपि तयार भई सम्पादनको प्रक्रियामा रहेको छ । यो कार्य सम्पन्न भएपछि विद्यार्थीहरुले आफ्नो क्षेत्रका स्थानीय कला,स स्कृति, पेशा व्यवसाय, पर्यटन क्षेत्र र महत्वपूर्ण सम्पदाहरुको ज्ञान र सीप हासिल गर्न सफल हुनेछन।
- शिक्षामा गुणस्तर कायम राखि राख्न स्टीम पेडागोजीमा आधारित क्रियाकलापहरुको बारेमा प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र शिक्षकहरुको लागि प्रबोधिकरण कार्यक्रम संचालन गरिएको छ भने १२ ओटा माध्यमिक विद्यालयका ११०० जना अभिभावकहरुको लागि विज्ञ प्रशिक्षकहरुद्वारा अभिभावक शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

#### सामाजिक विकास तर्फ

- विद्यालयको नियमित रुपम निरीक्षण, अनुगमन, सुपरीवेक्षण तथा कार्यसम्पादन परीक्षण गरी शिक्षण सिकाइमा सहजीकरण गरिनुका साथै कार्यसम्पादनका आधारमा विद्यालयहरुको स्तर निर्धारण गरिएको छ।
- अंग्रेजी, विज्ञान र सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरुलाई विज्ञ प्रशिक्षकहरुद्वारा परिवर्तित पाठ्यक्रम, पाठ्यपुस्तक र आधुनिक प्रवर्तनात्मक शिक्षण विधिहरुबारे तालिम प्रदान गर्नुका साथै गणित, नेपाली र अन्य विषयहरु अध्यापन गर्ने शिक्षकहरुलाई समेत छोटो अवधिको तालिम र सीप विकासका कार्यक्रमहरु सम्पन्न गरी शिक्षकहरुको पेशागत विकासमा टेवा पुर्याईएको छ।
- कक्षा १ देखि कक्षा ३ सम्म अध्यापन गर्ने शिक्षकहरुको लागि एकीकृत पाठ्यक्रम तथा निरन्तर विद्यार्थी मुल्याङ्कन सम्बन्धी तालिम प्रदान गरी शिक्षकहरुमा एकीकृत पाठ्यक्रमको अवधारणा र निरन्तर मूल्याङ्कन सम्बन्धी ज्ञान र सीप प्रदान गरिएको छ ।
- सिकाइ आपुरण (Learning Recovery) तथा द्रुत सिकाई योजना कार्यान्वयनका लागि सिकाइ अभिलेखिकरण गर्ने व्यवस्था मिलाइएको छ साथै विपद्को समयमा समेत सिकाइ निरन्तरताका लागि १२५ जना शिक्षकहरुलाई विपदमा शिक्षा (EDUCATION IN EMERGENCY) तालिम प्रदान गरिएको छ।जसबाट विपदको समयमा पनि विद्यार्थीहरुले ICT को माध्यमबाट घरमै बसी सिकाईलाई निरन्तरता दिन सक्ने वातावरण तयार गरिएको छ।
- बालप्रतिभा पहिचान तथा प्रवर्द्धनका लागि वक्तृत्वकला प्रतियोगिता, नृत्य प्रतियोगिता र विभिन्न खेलकुदसंग सम्बन्धित कार्यक्रमहरु संचालन गरिएको छ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

#### सामाजिक विकास तर्फ

- Big School को अवधारणा अनुरुप रेसुङ्गा मा.वि. र सिद्धबाबा मा.वि.मा करिव १५ करोडको दरले बजेट प्राप्त भई विद्यालयको पूर्वाधार विकासमा स्तरोन्नती गर्ने कार्य सम्पन्न भएको छ भने शहरी विकासबाट सिद्धबाबा माविको भवन निर्माणको लागि थप रु. १ करोड बजेटको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- "नमुना माध्यमिक विद्यालय" कार्यक्रम अन्तर्गत महेन्द्र माध्यमिक विद्यालयमा रु. ४५ लाख बराबरको बजेटबाट पूर्वाधार निर्माण तथा विभिन्न शैक्षिक सुधारका कार्यहरु सम्पन्न गरिएको छ।
- "विज्ञान प्रवर्द्धन" कार्यक्रम अन्तर्गत सिद्धबाबा माध्यमिक विद्यालयमा रु. ४५ लाख बराबरको बजेटबाट ल्याबहरु स्थापना, विज्ञान सामग्री खरिद, Lab Boy नियुक्ति र क्षमता विकासका विभिन्न क्रियाकलापहरु सम्पन्न गरिनुका साथै शहरी विकास तर्फको १ करोडको बजेटबाट भवन निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।
- साउनेथुम आधारभूत विद्यालयमा दुईकोठे भवन निर्माण गर्ने कार्य सम्पन्न भएको छ भने पृथ्वी प्रा.वि. र सानो ओंप प्रा.वि.मा विद्यालय भवनको मर्मतसम्भार गरिएको छ ।
- उपल्लो तम्घास मा.वि.,जनसहयोग मा.वि. र बुद्ध मा.वि.मा प्रति विद्यालयमा रु. ६ लाख ५० हजारका दरले रकम उपलब्ध गराई पुस्तकालय तथा ICT ल्याब स्थापना गरिएको छ।
- जनसहयोग मा.वि. र त्रिभुवन मा.वि.लाई क्रमश रु. ३ लाख र २ लाखका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

#### सामाजिक विकास तर्फ

- चिदिचौर खेल मैदानको लागि रु. १ करोड बिनियोजन भई निर्माण कार्य अगाडि बढिरहेको छ। उक्त खेलमैदान निर्माण कार्य सम्पन्न भईसकेपछि खेलकुद क्षेत्रमा नयाँ आयाम थपिने र तम्घास बजार क्षेत्रको सौन्दर्यीकरणमा थप टेवा पुग्नेछ।
- रेसुङ्गा बहुमुखी क्याम्पसलाई तलब भत्ताको लागि रु. ५० लाख उपलब्ध गराउनुका साथै स्नातक तहमा विद्यार्थी वृद्धि गर्ने उद्देश्यले विद्यार्थीलाई नि:शुल्क भर्ना गर्नका लागि १२ लाख सहयोग उपलब्ध गराइएको छ। क्याम्पस प्रशासनले दिएको जानकारी अनुसार हाम्रो आर्थिक सहयोगबाट विद्यार्थी भर्ना दरमा वृद्धि भई रेसुङ्गा बहुमुखी क्याम्पस क्रमश: वित्तीय स्वस्थतातर्फ उन्मुख भएको छ।
- SEE मा ३.२ वा सो भन्दा बढी GPA प्राप्त गरी नगरपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्ने 78 जना विद्यार्थीहरुलाई मासिक रु.१ हजारका दरले जेहेनदार छात्रवृति उपलब्ध गराइएको छ ।
- कक्षा ८ को नगरस्तरीय परिक्षामा ७ जना ४ GPA सहित ९३% विद्यार्थीहरु उतीर्ण भएका हुँदा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कार सहित सम्मान गरिएको छ ।
- २०८० सालको SEE परिक्षामा ८३% विद्यार्थी सफल हुनुका साथै यस नगरपालिकाका विद्यार्थीहरुले जिल्लास्तरमै प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका हुँदा नगद पुरस्कारसहित सम्मान गरिएको छ। जसबाट विद्यार्थीहरुको आगामी शैक्षिक यात्रामा थप सफलताका निमित हौसला तथा अभिप्रेरणा मिल्नेछ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**सामाजिक विकास तर्फ**

- कक्षा १२ को परीक्षामा यस नगरपालिकाका विद्यार्थीहरू जिल्लास्तरमै प्रथम, द्वितीय र तृतीय नगद पुरस्कारसहित सम्मान गरिएको छ। त्यसैगरी वडा नं. १४ पराल्मी निवासी सुशील पोखरेलले त्रिभुवन विश्व विद्यालयद्वारा सञ्चालित स्नातकोत्तर तहको रसायन शास्त्र विषयमा सर्वोत्कृष्ट भई स्वर्ण पदक प्राप्त गरेका हुँदा यस नगरपालिकाबाट नगद पुरस्कारसहित सम्मान गरिएको छ।
- जिल्लाकै एक मात्र सार्वजनिक पुस्तकालयको रूपमा स्थापित किरण पुस्तकालयको व्यवस्थापन सुधारका लागि रु. २ लाख उपलब्ध गराइ कार्यसम्पन्न गरिएको छ ।
- विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाईएको छ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित र अद्यावधिक गर्नका लागि IEMIS फोकल पर्सनहरुलाई तालिम प्रदान गरिएको छ ।
- आ.व. ०७४/०७५ मा ३९ जना नागरिकहरुलाई अपाङ्गता परिचयपत्र वितरण तथा ५६ जना नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको हुँदा अपाङ्ग परिचयपत्र प्राप्त गर्ने क र ख श्रेणीका नागरिकले सामाजिक सुरक्षा भत्ता पाउने छन् भने अन्य वर्गका नागरिकले विभिन्न निकायहरुबाट माग गरिएको विज्ञापनमा आरक्षण कोटामा आवेदन गर्ने अवसर प्राप्त गर्नेछन्। त्यसैगरी ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्ने नागरिकलाई स्वास्थ्य सेवा र यातायात सेवामा सहुलियत प्राप्त हुनेछ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**सामाजिक विकास तर्फ**

- बाल अधिकारको बारेमा सुसूचित गर्ने उद्देश्यले नगरपालिकास्तरीय बालसञ्जाल र बालक्लबका अध्यक्षहरु गरी जम्मा ३३ जनालाई संयुक्त राष्ट्रसंघीय सन् १९८९ सम्बन्धित अभिमुखिकरण कार्यक्रमले सम्पन्न गरिएको छ ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा रेसुङ्गा नगरपालिकाका महिला जनप्रतिनिधिहरु, प्रत्येक वडाका पछाडी परेका, विपन्न महिलाहरु र रेसुङ्गा नगरपालिकाका कर्मचारीहरु गरी ७८ जना सहभागीहरुलाई सचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ।जसबाट कानूनी सचेतना,महिला अधिकारको बारेमा सुसूचित हुने अवसर प्राप्त भएको छ।
- बेइजिङ घोषणापत्रका १२ वटा प्रतिवद्धता क्षेत्र सम्बन्धि अभिमुखिकरण कार्यक्रम र महिला अधिकार समानताका लागि संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० कार्ययोजना कार्यान्वयन कार्यक्रम अन्तर्गत रेसुङ्गा नगरपालिका भित्र रहेका महिला जनप्रतिनिधि र महिला कर्मचारीहरु मध्यबाट ४० जना सहभागी छनौट गरी २ दिने कार्यक्रम सम्पन्न गरिएको छ।जसबाट अन्तराष्ट्रियस्तरमै महिला हिंसा र शान्ति सुरक्षाको बारेमा सुसूचित हुने अवसर प्रदान गरेको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**सामाजिक विकास तर्फ**

- अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रम अन्तर्गत रेसुङ्गा नगरपालिका वडा नं. ९ स्थित उपल्लो तम्घास मा.वि.मा रहेका अपाङ्गता भएका २८ जना विद्यार्थीहरु र ३ जना आमाहरुलाई ३३ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आवश्यकताका आधारित सामग्री वितरण गरिएको छ ।
- एकल महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत रेसुङ्गा नगरपालिकाका १४ वटै वडाहरुमा ६५ जना एकल महिलाहरुलाई अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ भने बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम अन्तर्गत माध्यमिक र आधारभूत विद्यालयका ७७ जना शिक्षक, बालसंजाल र बालक्लबका विद्यार्थीहरुलाई अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- प्राकृतिक तथा अन्य कारणबाट क्षतिग्रस्त सडकहरुको समयमै मर्मत सम्भार गरी सडक सुचारु गरिएको छ ।
- नगरको सौन्दर्यीकरण कायम गर्न र जोखिम कम गर्न नगरभित्रका जीर्ण पोल तथा अव्यवस्थित तारहरुलाई प्रतिस्थापन गरी स्टिल पोल तथा कभर तार (Insulated Cable) राख्ने काम अगाडि बढिरहेको छ।
- रेसुङ्गा नगरपालिकाका विभिन्न स्थानमा टेलिफोन सेवाको नेटवर्क समस्या समाधानका लागि सम्बन्धित निकायमा पहल गरिएको छ भने यसै सन्दर्भमा रेसुङ्गा नगरपालिका वडा नं. ५ स्थित गोबानेमा नेपाल टेलिकमको टावर निर्माण गर्ने कार्यको प्रकृया अगाडि बढाईएको छ।
- जिल्लामा हुने ठूला सभा, समारोह, सम्मेलन, गोष्ठी आदि कार्यक्रम सञ्चालन गर्न वडा नं. ४ अर्खलेमा २१ करोडको लागतमा सुविधा सम्पन्न बहुउद्देश्यीय सभाहल निर्माण गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको छ ।
- एक करोड लगानिमा रेसुङ्गा नगरपालिका वडा नं. ६ खालाचौरमा चेक्मी ताल निर्माण भईरहेको र थप पूर्वाधार निर्माणका लागि आगामी आ.व. मा रु. ३ करोड बजेट सुनिश्चित गरिएको छ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- लामो समयसम्म सदरमुकामको नजिक रहेर पनि ओझेलमा परेको रेसुङ्गा नगरपालिका वडा नं. ३ भाडगाउँमा सञ्चालित सामुदायिक विद्युतलाई नेपाल विद्युत प्राधिकरणको लाईनमा जोड्न सफल भएका छौं।यसबाट भाँडगाउँबासीले भोग्दै आएको विद्युत आपूर्तिको सास्ती सधैंका लागि अन्त्य भएको छ।
- सामुदायिक विद्युतीकरण अन्तर्गत जिर्ण पोल व्यवस्थापन गरी जोखिम कम गर्ने उद्देश्यले रेसुङ्गा नगरपालिका वडा नं. १४ को पराल्मीमा स्टिल पोल उपलब्ध गराई पुराना पोल प्रतिस्थापन गरिएको छ ।
- रेसुङ्गा (मझेङ्ग) लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि निर्माण व्यवसायीलाई पटक पटक ताकेता गरी आगामि आ.व. को शुरुमै पहिलो चरणको कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढेको छ।
- "उज्यालो सहर नागरिको रहर" भन्ने नाराका साथ तम्घास बजारलाई उज्यालो शहर बनाउन स्मार्ट स्ट्रीट लाइट राख्ने प्रक्रिया अगाडि बढेको छ । छिदीचौर खेल मैदान र आसपासको क्षेत्रमा हाई मास्ट लाईट जडान गर्ने कार्य सम्पन्न भएको छ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- रेसुङ्गा नगरपालिकाभित्रका अधिकाश सडक क्रमस: कालोपत्रे गरी नियमित यातायात सञ्चालन गर्ने नीति बमोजिम यस वर्ष नगरपालिकाको आफ्नै लगानी तथा संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा वर्षौदेखि रुग्ण र अलपत्र परेका विभिन्न सडकहरुलाई हामी निर्वाचित भएपछि हाम्रो निरन्तर प्रयासबाट ती सडकहरुलाई विशेष प्राथमिकता दिई आर.सि.सि. ढलान, पक्की नाली निर्माण, ग्राभेल र कालोपत्रे गर्ने काम सम्पन्न गरिएको छ।
- मदन भण्डारी राजमार्गको वेरियर देखि छल्दीसम्मको सडक मर्मत गर्ने कार्य अगाडि बढेको छ।
- रे.न.पा. ०९ मा किरियापुत्रि भवन सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ। साथै बुढाथोकि बसपार्क र अर्घाखाँची जिपपार्कमा सार्वजनिक सौचालय मर्मत गरी सञ्चालनमा ल्याईएको छ।
- रेसुङ्गा नगरपालिका वडा नं. ४, ५, ८, ९ र १० मा कभर्डहल निर्माण गर्ने कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ।
- चारीखोलामा निर्माणाधिन कृषि उपज संकलन केन्द्र तथा हाटबजारको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

CamScanner

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- रेसुङ्गा विमानस्थलमा हप्ताको ४ दिन हवाई उडान सञ्चालन भईरहेको अवस्थामा नेपाल एअरलाईन्सको जहाज ग्राउण्डेडजस्ता प्राविधिक समस्याका कारणले दैनिक उडानको लागि असहज भएता पनि नियमित उडानको लागि निरन्तर पहल गरिएको छ।
- गर्जुरा क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि जिपलाईन तथा स्काईसाक्लिङ्ग निर्माण कार्य अगाडि बढेको छ।यो योजना सम्पन्न भएपछि रेसुङ्गा क्षेत्रमा आउने आन्तरिक तथा वाह्य पर्यटकको सख्या उल्लेख्य वृद्धि भई यस क्षेत्रको आर्थिक विकासमा टेवा पुग्ने विश्वास लिईएको छ।
- रेसुङ्गा नगरपालिका वडा नं. ४ को रैदिखोला पुल, रेसुङ्गा नगरपालिका वडा नं. ९ को उपल्लो तम्घास चिल्ड्रेन पार्कको स्तरोन्नती साथै नगरपालिकाको भवन अगाडिको बाटो कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको छ।
- भुल्के भर्ला सिचाई योजना, ठूलाचेक्मी खा.पा. पाईपलाईन, तल्लो साहबोट सिचाई योजना, चिपटारी सिचाई योजना, करौलेफॉट सिचाई योजना, हवाक्नेछहरा खानेपानी ट्याङ्की निर्माण, लप्सी निन्नीचौर सिचाई योजना, तम्घास खोला तटबन्ध,गौतमटोल सिचाई योजना जस्ता खानेपानी तथा सिचाईसग सम्वन्धित पूवाधार निर्,णका कार्यहरु कुनै सम्पन्न भईसकेका छन भने कुनै सम्पन्न हुने चरणमा रहेका छन।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- रेसुङ्गा नगरपालिकाको आफ्नै लगानी तथा संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा रेसुङ्गा नगरपालिका वडा नं.१ को पुरानो बजार भगवती मन्दिर सडकमा ६१ मिटर सडक ढलान तथा भगवती मन्दिर रेसुङ्गा मा.वि. सडकमा ३० मिटर सडक ढलान कार्य सम्पन्न भएको छ ।
- लामो समयदेखिको पक्कि सडकको अभावमा सास्ती खेपिरहेका नागरिकलाई सहजता प्रदान गर्न रेसुङ्गा नगरपालिका वडा नं.२ को बारखेछेडा देखि वागमारे वेरियर सम्म २२०० मिटर सडक कालोपत्रे तथा ढलान गरी सडक स्तरोन्नति गरिएको छ।त्यस्तै एभरग्रीन छापटोला सडक ४३ मिटर ढलान, धागीथुम सडकमा ११० मिटर सडक ढलान, विराट अपसेटप्रेस रेसुङ्गा मा.वि. सडक १२० मिटर ढलान, थापाटोल सडकमा ५० मिटर सडक ढलान कार्य सम्पन्न भएको छ ।
- धेरै वर्षदेखि रेसुङ्गा नगरपालिकाको वडा नं. ३ मा पक्की सडकको अभावमा त्यस क्षेत्रका नागरिकले सास्ती खेप्नुपरेको अवस्था रही आएकोमा सहज यातायात आवागमनका लागि तम्घास, बारखेछेडा, भाडगाउँ, बाँझाघाट रातडाँडा सडक स्तरोन्नतिका लागि ३४ करोड वजेटको सुनिश्चितता गरी निर्माण कार्य शुरु गरिएको छ। त्यस्तै भनभने पदेल पोखरा सडक, गर्जुरा गाउँकाधारा सडक स्तरोन्नति कार्य भैरहेको छ ।यसप्रकारको सुविधाबाट त्यस क्षेत्रका नागरिकहरुमा खुसियाली र उत्साह छाएको छ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- रेसुङ्गा नगरपालिका वडा नं.४ को खोरपाटा डाँडाखर्क सडकमा १५०० मिटर सडक ढलान र कालोपत्रे, रायढुङ्गा खाम्सेपानी सडकमा ३३० मिटर सडक ढलान, अर्खले भण्डारी टोल सडक ३४० मिटर कालोपत्रे र १०५ मिटर ढलान कार्य, बोकेका रुख डाँडाखर्क सडकमा ६५ मिटर सडक ढलान र मसिना पोखरी सानीस्वामी सडकमा २५२ मिटर पक्की नाली निर्माण कार्य सम्पन्न भएको छ ।
- रेसुङ्गा नगरपालिका वडा नं.५ को गैरा पोखरा भुवनपानी चुम्पले सडकमा १५०० मिटर कालोपत्रे, कोलकिको पँधेरो लामडाँडा सडकमा १३० मिटर ढलान, ७८४ मिटर पक्की नाली निर्माण र स्तरोन्नति, रानीगाडे तल्लाखर्क सडक ४७ मिटर ढलान, खाम्सेपानी बर्दबास सडक ५२ मिटर ढलान, बर्दबास गोबाने सडकको ३२ मिटर ढलान, भडखाला निन्नीचौर लप्सी सडकको २०० मिटर ढलान, ७०० मिटर सडकमा पक्की नाली र स्तरोन्नतिको कार्य र गोबाने बर्दबास सडकमा ७२५ मिटर नाली तथा स्तरोन्नति कार्य सम्पन्न भएको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- रेसुङ्गा नगरपालिका वडा नं.६ को नेटाखर्क चेक्मी सडकमा १ कि.मी. कालोपत्रे तथा ढलान, पिपलकारुख बालकाटे सडक २३ मिटर ढलान, सिमापाट लप्सी निन्निचौर सडक १३० मिटर ढलान तथा स्तरोन्नति र स्वामीकारुख थाम सडक २२ मिटर ढलान कार्य र हर्राचौर खन्नीचौर सडकको स्तरोन्नति कार्य सम्पन्न भएको छ।
- रेसुङ्गा नगरपालिका वडा नं.७ को देउराली कमेरेपानी सडकमा ५८० मिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भैसकेको र बाँकी १ कि.मी. सडकमा कालोपत्रे गर्ने गरी निर्माण कार्य अगाडी बढेको छ ।अडविसे बुट्टाकुरी सडक ३२० मिटर कालोपत्रे, भुजेलखर्क सडकको ५० मिटर ढलान, जन्तेढुङ्गा सिस्नेहारे सडकमा ११४३ मिटर कालोपत्रे तथा ढलान कार्य सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ।
- रेसुङ्गा नगरपालिका वडा नं.८ को टुनिखोला बुढीचौर सडक १८ मिटर ढलान, आँखा अस्पताल सडक २६.५ मिटर ढलान, मगराते टोल सडकमा ४५ मिटर ढलान कार्य सम्पन्न भएको छ भने तम्घास रेसुङ्गा सडकमा ४२ मिटर सडक ढलान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- रेसुङ्गा नगरपालिका वडा नं.९ को जयभगवती चोक उपल्लो तम्घास सडक ५२७ मिटर कालोपत्रे, बुढाधारा भुल्के सडक ३०५ मिटर ढलान, एकनाले पेरा सडक २२ मिटर ढलान, बुढाधारा पेरा सडक २३० मिटर कालोपत्रे, ३० मिटर ढलान, १३५ मिटर नाली निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । उपल्लो तम्घास बौद्दिक अपाङ्ग सडक ३०० मिटर नाली निर्माण, बुढीचौर सडक ४० मिटर नाली निर्माण तथा फिल्म हल देखि अर्घाखाँची जिप पार्क सम्म २३० मिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ।त्यसै गरी देउराली वगालेखोला अर्घाखाँची जिपपार्क सडकमा १५७४ मिटर कालोपत्रे र ढलान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- रेसुङ्गा नगरपालिका वडा नं.१० को देउराली एअरपोर्ट सडक ४४०० मिटर सडक कालोपत्रे, चेतेनेटा उकाली सडक ४५ मिटर ढलान, दह रैया सडक २८५ मिटर ढलान, झाँक्रीसल्ला आमडाँडा सडक २५६ मिटर ढलान, आमडांडा थापाटोल सडक ४६ मिटर ढलान, दह तङ्नाम सडक २२० मिटर कालोपत्रे, उपल्लो तङ्नाम सडक ३५४ मिटर ढलान, तल्लो तङ्नाम सडक १४० मिटर ढलान, धाराका पँधेरा सडक ७२ मिटर ढलान, झाक्रिसल्ला बासखर्क सडक ४०० मिटर नाली तथा ग्राबेल, रेसुङ्गा न.पा. र गुल्मीदरवार गा.पा.को सिमानादेखि राङ्गवास फेदी घुम्टीसम्मके सडकम ४०० मिटर कालोपत्र गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- राङ्गवास सिमीचौर तम्घास सडक खण्डमा पर्ने निकै जोखिमपूर्ण रहेको काभेको पहिरो नियन्त्रण गर्न १ करोड लागतमा बायो इन्जिनियरिङ्गको कार्य भैरहेको छ जसले उक्त स्थानको बस्ती सरक्षण गर्न सहयोग पुर्‍याउनेछ ।जसवाट नागरिकमा निकै खुशी र उत्साह थपिएको छ ।
- रेसुङ्गा नगरपालिका वडा नं.११ को राङवास सिमिचौर सडक ४ कि.मी.७०० मिटर सडक कालोपत्रे तथा ढलान कार्य सम्पन्न भएको छ ।
- रेसुङ्गा नगरपालिका वडा नं.१२ को हवाक्ने छहरा प्याली डाँडा बुढीझिर्मी सडक १७० मिटर ढलान, उपल्लो उर्लेनी धर्तीका चौपारी सडक २१६ मिटर ढलान कार्य सम्पन्न भएको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**भौतिक पूर्वाधार विकासतर्फ**

- रेसुङ्गा नगरपालिका वडा नं.१३ को पँधेराखोला उपल्लो भंगारी सडक ४३५ मिटर पक्कि नाली तथा स्तरोन्नति,ढिकी डाँडा नुनथला सडक १७० मिटर ढलान र नयाँ पोखरी गुल्मीदरबार पुम्टी सडक ३० मिटर पक्कि नाली ३० मिटर ढलान तथा पुम्टी मिलान कार्य सम्पन्न भएको छ ।
- रेसुङ्गा नगरपालिका वडा नं. १४ को सोमेडाँडा पच्या छेडा त्रिभुवन मा.वि. सडक ४५४ मिटर नाली निर्माण तथा १ कि.मी. सडक बिस्तार र तम्घास पराल्मी इन्द्रेगौडा सडक खण्डको निकै जोखिम स्थानको पहिरो नियन्त्रण र सडक स्तरोन्नतिको कार्य सम्पन्न गरिएको छ ।
- अर्घाखाँची जीप पार्क र उदीनढुंगा जीप पार्क स्तरोन्नति कार्य सम्पन्न भएको छ यसले सहरको सौन्दर्यता कायम गर्नुको साथै सवारी व्यवस्थापनमा सहजता सिर्जना भएको छ ।
- मौलिक कला संस्कृतिको प्रवर्द्धन गर्न काष्ठकला प्रयोग गरी मौलिक शैलीमा इन्द्रविर प्रतिक्षालय निर्माण कार्य सम्पन्न गरिएको छ।
- चिदिचौर नजिक पुराना ढुंगेधारा संरक्षण तथा पार्क निर्माण कार्य सम्पन्न भएको छ ।
- ८ करोड 39 लाखको लागतमा निर्माण हुने सिमापाट-गोपे सडकमा पर्ने रेसुङ्गा नगरपालिका र धुर्कोट गाउँपालिका जोड्ने पनाहा खोला पुल निर्माण कार्य प्रारम्भ हुने चरणमा रहेको छ जसले सदरमुकाम आउन निकै सास्ती भोगेका धुर्कोट गाउँपालिका गोपेको नागरिकहरु र त्यस क्षेत्र वरपरका नागरिकहरुलाई सहज आवतजावत गर्न सहयोग पुग्नेछ।

CamScanner

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### भौतिक पूर्वाधार विकासतर्फ

- आ.व. २०८१/८२ मा करिब २६ कि.मि. पक्कि सडक (कालोपत्रे र आर.सि.सि. ढलान) निर्माण कार्य सम्पन्न गरिएको छ।त्यसै हुनाले निर्वाचित भईसकेपछि २०८०/०८१ सम्ममा करिब ४२ कि.मी.सडक पक्कि (ढलान कालोपत्रे) सडक निर्माण कार्य सम्पन्न भएकोले हालसम्म ६८ कि.मी पक्कि सडक निर्माण गर्न सफल भएका छौं र आ.व. २०८२/८३ मा संघ र प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा नगरपालिका भित्रका बाँकी सडकहरुलाई कालोपत्रे र स्तरोन्नति गर्दै लगिनेछ ।
- गुल्मीको समुन्नतिको प्रमुख आधारको रुपमा रहेको सालझण्डी-पटौले-दुर्गाफोंट-खज्यौङ्ग-राङ्बास-सिमिचौर-तम्घास सडक निर्माण कार्यको सन्दर्भमा निर्माण व्यवसायीलाई पटक पटक ताकेता, दवाव र प्रभावकारी अनुगमनका कारण निर्माण कार्यले तिव्र गति लिएको छ।यस सडकले पूर्णता पाएपछी करिब साढे दुइ घण्टामा तम्घास देखि बटवल सम्मको सुरक्षित यात्रा गर्न सकिनेछ र विगत देखि भोग्दै आएको जोखिमपूर्ण यात्राबाट मुक्ति मिल्नेछ।जसवाट गुल्मीको पर्यटन विकासमा समेत थप ऊर्जा थपिनेछ ।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### वातावरण तथा विपद् व्यवस्थापन तर्फ

- अन्य स्थानीय तहसँग सहकार्य र समन्वय गरी आगलागी नियन्त्रण कार्य प्रभावकारी रुपमा गरिएको छ ।
- तम्घास बजारको फोहोर व्यवस्थापनका लागि नीजि क्षेत्रसँग सहकार्य गरी अगाडी बढाइएको छ ।
- फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाको नाममा आवश्यक जग्गा खरिद गर्ने काम सम्पन्न गरिएको छ ।फोहोरमैला प्रशोधन तथा प्रवर्द्धन केन्द्र स्थापना गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी आवश्यक बजेटको व्यवस्था गरिदिनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरिएकोमा बजेट सुनिश्चितताको काम अन्तिम चरणमा पुगेको छ ।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### वातावरण तथा विपद् व्यवस्थापन तर्फ

- विपद् व्यवास्थापनका लागि योजना, रणानीति र कार्ययोजना तर्जुमा भएको र सो अनुरुप विपद् व्यवस्थापनको पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि आपतकालिन कार्य सञ्चालन केन्द्रको माध्यमबाट चौबिसै घण्टा दमकल, डोजर, सेनेटरीजस्ता आपतकालिन सवारी साधनद्वारा जिल्लाका अन्य स्थानीय तहहरुमा समेत सेवाप्रवाह गरिएको र सो कार्यबाट मानविय तथा भौतिक क्षती हुनबाट जोगाउन सफल भएका छौं।
- रेसुङ्गा नगरपालिकाको सौन्दर्यीकरणलाई थप टेवा पुर्याउन राजमार्गको दायाँबायाँ डिभिजन वन कार्यालयको समन्वयमा करिब १० हजारको सख्यामा जाकराण्डा पुष्पबोट रोपण गरिएको र नगरले समयसमयमा रेखदेख गरी हाल ४ हजार पुष्पबोटहरु हुर्किरहेका छन्।विरुवा हुर्की फुल्न लागे पछि यस नगरको सौन्दर्यतामा थप सहयोग मिल्न गई पर्यटन विकासमा यसले सहयोग पुर्याउने विश्वास गरिएको छ ।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनतर्फ

- सेवाप्रवाहमा प्रभावकारिता ल्याउन कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइएको छ। साथै एकीकृत आवधिक विकास योजना, जोखिमसंवेदनशील सहितको भू-उपयोग योजना, राजश्व सुधार योजना, क्षमता विकास योजना र संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण प्रतिवेदन स्वीकृत गरिएको छ ।
- नगरपालिकाबाट सम्पादन हुने कामहरुलाई थप प्रभावकारी बनाउन विभिन्न ऐन कार्यविधि, निर्देशिका बनाई लागु गरिएको छ। साथै पारदर्शिता, उत्तरदायित्व र वित्तीय अनुशासनका लागि सार्वजनिक सुनुवाइ गरिएको छ ।
- नगरपालिकामा आउने सेवाग्राहीको सहजताका लागि नागरिक सहायता कक्ष (HELP DESK) को माध्यमबाट छिटो छरितो र सहजरुपमा सेवाप्रवाह गरिएको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गरिएको LISA तथा FRA मूल्याङ्कनमा क्रमश: ९२.१ र ९१.५ अंक प्राप्त गरी उत्कृष्टता हासिल गर्न सफल भएका छौं।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनतर्फ

- ➢ नागरिकलाई घरदैलोमा पुगेर सेवा दिने नीति अनुरुप जन्म र मृत्युदर्ता प्रमाण पत्र घर-घरमा पुगी वितरण गर्ने व्यवस्था गरिएको छ ।
- नगरपालिका अन्तर्गत १४ वटै वडामा कूल ९२ टोल विकास संस्था गठन गरी टोल विकास संस्था तथा सामुदायिक संस्था (आमा समूह, महिला समूह जस्ता समूहलाई परिचालन गरी विकास निर्माण, वातावरण सरसफाई लगायत घरेलु हिसा अन्त्यका लागि बहस,पैरवी तथा चेतनामूलक अभियान सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ।
- टोल विकास संस्था तथा सामुदायिक संस्था परिचालन गरी बाल श्रम, बालविवाह, बहु विवाहजस्ता प्रथा नियन्त्रणका लागि नीति र कार्यक्रम तयार भई यस सम्बन्धी सामाजिक परिचालनका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ।
- वडा नं. २-३ र वडा नं. १२ मा नागरिकसँग मेयर कार्यक्रम सञ्चालन गरी आम नागरिका सुझाव तथा गुनासाहरु ग्रहण गर्ने र सोही अनुसार कार्ययोजना बनाई उक्त गुनासाहरु सम्बोधन गर्नेतर्फ अग्रसर भएर लागि परेका छौं। साथै घुम्ती सेवामार्फत विभिन्न विद्यामा नागरिकलाई सेवा प्रवाह गर्ने कार्य सम्पन्न गरिएको छ।

रेसुङ्गा नगरपालिका, गुल्मी

## नगरपालिकामा संचालित मुख्य कार्यक्रम

### संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनतर्फ

- ➢ नागरिकलाई घरदैलोमा पुगेर सेवा दिने नीति अनुरुप जन्म र मृत्युदर्ता प्रमाण पत्र घर-घरमा पुगी वितरण गर्ने व्यवस्था गरिएको छ ।
- ➢ नगरपालिकामा आउने सेवाग्राहीको सहजताका लागि नागरिक सहायताकक्ष (HELP DESK) को माध्यमबाट छिटोछरितो र सहजरुपमा सेवाप्रवाह गरिएको छ ।
- ➢ सबै नागरिकको भूमि माथिको पहुँचलाई सुनिश्चित गर्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लागि जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने कार्य अगाडी बढाइएको छ।
- ➢ यस नगरपालिका र संयुक्त अधिराज्य बेलायतको हाकिङ नगरपरिषद् बीच भएको भगिनी सम्बन्धलाई पुनःनवीकरण गर्ने कार्य अगाडी बढाइएको छ ।दक्षिण कोरियाको Incheon Metropolitan City सँग भगिनी सम्बन्धको प्रकिया अगाडी बढाइएको छ ।
- ➢ वडा नं. १४ को भौगोलिक विकटतालाई मध्यनजर गर्दै वडा कार्यालयबाट उपलब्ध हुने सेवा सहजताका लागि रातामाटामा सम्पर्क कार्यालय स्थापना गरी सेवाप्रवाह शुरू गरिएको छ ।

CamScanner

## रेसुङ्गा नगरपालिका, गुल्मी

### नगरपालिकामा संचालित मुख्य कार्यक्रम

**संस्थागत विकास तथा सेवा प्रवाह र सुशासनतर्फ**

- नागरिकलाई घरदैलोमा पुगेर सेवा दिने नीति अनुरुप जन्म र मृत्युदर्ता प्रमाण पत्र घर-घरमा पुगी वितरण गर्ने व्यवस्था गरिएको छ ।
- नगरपालिकामा आउने सेवाग्राहीको सहजताका लागि नागरिक सहायताकक्ष (HELP DESK) को माध्यमवाट छिटोछरितो र सहजरुपमा सेवाप्रवाह गरिएको छ ।
- सबै नागरिकको भूमि माथिको पहुँचलाई सुनिश्चित गर्न भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको लागि जग्गाधनी प्रमाणपुर्जा उपलव्ध गराउने कार्य अगाडी वढाइएको छ।
- वडा नं. १४ को भौगोलिक विकटतालाई मध्यनजर गर्दै वडा कार्यालयवाट उपलव्ध हुने सेवा सहजताका लागि रातामाटामा सम्पर्क कार्यालय स्थापना गरी सेवाप्रवाह शुरु गरिएको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### यस नगरपालिका भित्र संघ तथा प्रदेश सरकारवाट संचालित मुख्य कार्यक्रम

- सडक पूर्वाधार विकास कार्यालय गुल्मी - रू.१७ करोड ५ लाख ३९ हजार
- स्थानीय पूर्वाधार विकास आयोजना,रुपन्देहि - रू.७ करोड ८९ लाख
- जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय गुल्मी - रू. ९८ लाख ५ हजार
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गुल्मी - रू. १ करोड ७४ लाख ८७ हजार १ सय ७६
- डिभिजन वन कार्यालय गुल्मी - रू. २४ लाख ७५ हजार
- कृषि ज्ञान केन्द्र गुल्मी - रू.१५ लाख ७६ हजार २ सय ९८
- नेपाल विद्युत प्राधिकरण गुल्मी वितरण केन्द्र - रू.७६ लाख
- भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र - रू. ६ लाख ७१ हजार २ सय ५८
- सामाजिक विकास डिभिजन कार्यालय,पाल्पा - रू.४ करोड २१ लाख ६९ हजार
- राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम ,कार्यक्रम कार्यान्वयन एकाइ - रू.३७ लाख ६८ हजार ६ सय ८२

## रेसुङ्गा नगरपालिका, गुल्मी

### यस नगरपालिका भित्र संघ तथा प्रदेश सरकारवाट संचालित मुख्य कार्यक्रम

- सहरी विकास तथा भवन कार्यालय, रुपन्देही - रू. ३० करोड
- शहरी विकास कार्यालय,पाल्पा - रू.२ करोड ८३ लाख ७ हजार ७ सय ३०
- सडक डिभिजन कार्यालय, पाल्पा - रू.१ करोड १८ लाख
- ग्रामिण सडक सुधार आयोजना,रोल्पा- रू.६५ लाख
- सिंचाई विभाग (चेक्मी ताल)- रू.७२ लाख
- मदन भण्डारी राजमार्ग आयोजना- रू.२१ लाख ५७ हजार (VAT बाहेक)
- पर्यटन कार्यालय भैरहवा - रू.७७ लाख ६५ हजार ९ सय ९२
- पर्यटन बोर्ड काठमाडौं - रू.५ लाख
- संचिय खानेपानी आयोजना अर्घाखाँची (मर्झेग खानेपानी )- रू.१ करोड ३० लाख
- जलाधार कार्यालय अर्घाखाँची – रू.२४ लाख ९२ हजार
- पर्यटन विभाग - रू.१ करोड १३ लाख

## रेसुङ्गा नगरपालिका, गुल्मी

### यस नगरपालिका भित्र संघ तथा प्रदेश सरकारवाट संचालित मुख्य कार्यक्रम

- विभिन्न सरकारी कार्यालयबाट गरिएको जम्मा खर्च -**रू. ७६ करोड ८९ लाख ८० हजार १ सय ३७**
- रेसुङ्गा नगरपालिकाको तर्फबाट गरिएको जम्मा खर्च -**रू.१५ करोड ३० लाख ९८ हजार ८ सय ४७**
- कुल रकम **रू.१ अर्ब २४ करोड** प्रस्ताव गरिएकोमा **रू. ९२ करोड २० लाख ७८** हजार खर्च भएको छ ।

## रेसुङ्गा नगरपालिका, गुल्मी

### सम्भावना

- पर्यटन विकास
- कृषि तथा पशु विकास श्रोत केन्द्र तथा पकेट क्षेत्र विस्तार ।
- सदरमुकाम भएको कारण उद्योग र वाणिज्य क्षेत्र विस्तार
- शिक्षा र स्वास्थ्य क्षेत्रको हव निर्माण



## रेसुङ्गा नगरपालिका, गुल्मी

### समस्या/चुनौती

- आन्तरिक स्रोत परिचालन (भौतिक र मानवीय)
- वजेटको कमी
- वसाइसराई, प्रतिभा पलायन
- विपद् व्यवस्थापन
- अधिक वर्षा
- अन्तर निकाय समन्वय
- विकास निर्माणमा लागत सहभागिता कमी



CamScanner